# अतिरिक्त सचिवको टोलीले नाम्ची जेलमा उपलब्ध सुविधाहरूको लियो जायजा

**नाम्ची, १३ सेटेम्बर:** आज अतिरिक्त मुख्य सचिव एवं गृह सचिव एस. सी. गुप्तासितको एक टोलीले आज दक्षिण जिल्लाको भ्रमण गर्दै नाम्ची जेलमा उपलब्ध गराइएको सुविधाहरूको जायजा लिए। उनले नाम्ची जेलका अधिकारी तथा कर्मचारीहरूसित एक सभा डाकेर उनीहरूको गुनासो सुने साथै पुरूष कक्षको बढ़ोत्तरीका लागि भइरहेको निर्माण कार्यको पनि जाँच गरे। अन्तरक्रियाको क्रममा कर्मचारीहरू तथा वाहनहरूको कमी जस्ता विषयहरूमा कुराकानी गरियो। नियम अनुसार यहाँ उठाइएका गुनासोहरू सिक्किम सरकारमा पुऱ्याउने पनि अतिरिक्त सचिवले आश्वासन दिए। यसैगरी उनले नाम्ची सबजेलको चिकित्सा कक्ष, भिडियो कन्फ्रेन्सिङ कक्ष अनि कोर्ट रूमको पनि निरीक्षण गरे। सो टोलीमा गृह विभागका विशेष सचिव, जिल्लापाल दक्षिण, एसपी दक्षिण, गृह विभागका उप सचिव, डिटी एसपी जेल अनि डीई भवन आदिको उपस्थिति थियो।

# अहमदाबाद एयरपोर्टदेखि साबरमती आश्रमसम्म मोदी–आबेको रोड शो



**नयाँ दिल्ली, १३ सेप्टेम्बर।** गुजरातको शहर अहमदाबादको सरदार वल्लभ भाई पटेल अन्तरराष्ट्रिय हवाईअड्डादेखि साबरमती आश्रमसम्म जापानका प्रधानमन्त्री शिन्जो आबे र प्रधानमन्त्री नरेन्द्र मोदीको रोड–शो भयो। आठ किलोमीटर लामो यस रोड–शोमा सड़का दुवैतिर हजारौं मानिस जापानी प्रधानमन्त्री एवं भारतीय प्रधानमन्त्रीको स्वागतको निम्ति खड़ा थिए। जसमा परम्परागत वेशभूषामा सैकड़ौं महिलाहरू पनि उपस्थित रहे। यो पहिलो अवसर हो, जब अहमदाबादमा यस प्रकारको रोड–शोको आयोजन गरियो। अहमदाबादको सरदार वल्लभ भाई पटेल अन्तरराष्ट्रिय हवाईअड्डादेखि साबरमती आश्रमसम्म हुने रोड–शोको निम्ति पूरा बाटो सजाइयो। रोड–शोमा दुवैतिर रंगीचंगी बन्दनवार सजाइयो। हवाई अड्डादेखि जापानी प्रधानमन्त्रीले कुर्ता–पजामा र नीलो रंगको मोदी ज्याकेट लगाएका थिए, त्यही उनकी पत्नीले गुलाबी रंगको सलवार–कुर्ती लगाएकी थिइन्। नरेन्द्र मोदी आफ्नो चिरपरिचित अन्दाज कुर्ता–पजामामा देखिए। रोड–शोमा धैरै ठाउँ मञ्च लगाइयो, जहाँ परम्परागत वेशभूषामा पुरुष–महिलाहरूले नृत्यु प्रदर्शन गरेको देखियो। पूरा रोड–सोमा जापानी पीएमले सड़कका दुवैतिर खड़ा मानिसहरूको हात हल्लाएर अभिवादन गरे, त्यही उनकी पत्नीले आफ्नो मोबाइलमा यस रंगारंग रोड–शोको भिडियो बनाईन्। रोड–सो अघि जापानका प्रधानमन्त्री शिन्जो आबे तय समयानुसार दिउँसो साढ़े तीन बजी अहमदाबादको सरदार वल्लभ भाई पटेल अन्तरराष्ट्रिय हवाई अड्डा पुगे। हवाई अड्डामा प्रधानमन्त्री नरेन्द्र मोदीले शिन्जो आबे, उनकी पत्नी र जापानी शिष्टमण्डलको स्वागत गरे। मोदी र शिन्जो आबेले सौहार्दपूर्ण एक–अर्कालाई अंकमाल गरे। त्यसपछि जापानी प्रधानमन्त्रीलाई सेनाका तीन टुकड़ीले गार्ड अफ अनर दिए। सेनाको ब्याण्डले जापान र भारतको राष्ट्रगानको धुन बजायो। त्यसपछि आबे र उनकी पत्नीले हवाई अड्डामा उपस्थित गुजरातका मुख्यमन्त्री विजय रूपानी, विदेश सचिव एस. जयशंकर सहित तमाम भारतीय गणमान्य व्यक्तिहरूको स्वागत स्वीकार गरे। जसपछि उनी एवं नरेन्द्र मोदी हवाई अड्डाबाट साबरमती आश्रमसम्म रोड–शोको निम्ति प्रस्थान भए। बिहीबार (१४ सेप्टेम्बरको दिन) पीएम आबेले मुम्बई–अहमदाबाद हाईस्पीड रेल परियोजनाको शिलान्यास गर्नेछन्। त्यसपछि उनी दाण्डी कुटीर जानेछन्। बिहीबार नै जापान–भारत बिजनेस लीडर्स सम्मिट हुनेछ, जसमा दुवै देशबीच द्विपक्षीय व्यापार बढ़ाउनलाई लिएर चर्चा हुनेछ। जापानका प्रधानमन्त्री शिन्जो आबे बिहीबार रातिनै अहमदाबादबाट टोकियोको निम्ति प्रस्थान हुनेछन्।

## अब गोर्खाल्याण्डको त्रिपक्षीय...

होस्। हामी आगामी दुईपक्षीय वार्ता हुन अघि पुन: त्रिपक्षीय वार्ताको माग गर्दै पत्र लेख्नेछौं। आगामी वैठकमा जाँदा पहाडका सम्पूर्ण राजनैतिक दलहरूले त्रिपक्षीय वार्ताको एकमात्र अडान लिएर जानुपर्छ। सबैले त्रिपक्षीय वार्ताको अडान राख्न सक्यौं भने हाम्रो एकता त्यहाँ देख्नेछ। यही एकताले नै हामीलाई छुट्टै राज्य प्राप्तिको निम्ति अघि बढ्न सहयोग पुग्नेछ' डा. छेत्रीले जनसभालाई सम्बोधन गर्दै भने। यसक्रममा उनले मुख्यमन्त्री ममता ब्यानर्जीले त्रिपक्षीय वार्तामा कानुनी अड्चन छ भनी दिएको बयानको खण्डन गर्दै 'हामीले जीटीएको त्रिपक्षीय वार्ताको माग गरेका होइनौं। जीटीए जनताले खारेज गरेपछि अब जीटीएको त्रिपक्षीय वार्ता हुनपर्छ भन्ने हामी चाहँदैनौं। यसकारण अब गोर्खाल्याण्डको त्रीपक्षीय वार्ता हुनुपर्छ' डा. छेत्रीले भने।

उनले आफ्नो सम्बोधनको क्रममा पहाडका सांसद एसएस आहलुवालिया, भाजपा, गोजमुमो सबैको टिप्पणी गर्न पछि परेनन् भने बिमल गुरुङलाई पार्टीको अध्यक्ष परिवर्तन गर्ने सुझाउ समेत राखेका थिए। 'बिमल भाइले अब आफ्नै पार्टीबाट राम्रा व्यक्तिलाई छानेर पार्टीको अध्यक्ष बनाएको राम्रो हुनेछ। मैले गर्न सक्दिँन भनेर बरू हात उठाएर सक्ने व्यक्तिलाई जिम्मेवार सुम्पिए दुई भागमा बाँडिदै गरेको पार्टी पनि एक हुनेछ। यो पार्टी र तिम्रो निम्ति फाइदाको कुरा हो। अहिले तिमीले आफैले आफैलाई अप्ठ्यारोमा हाल्दैछौ। चारैतिरबाट तिमी घेरिएका छौ। यसकारण अब पार्टीको अध्यक्ष राम्रो व्यक्ति बनाए तिम्रो पार्टी पनि बलियो हुनेछ अनि तिमी पनि जेलिएको परिस्थितिबाट बाहिर निस्कन सक्नेछौ' डा. छेत्रीले गुरुङलाई सुझाउ दिँदै भने। उनले अहिले प्रशासनको भयले विमल गुरुङ भागेर हिँड्न परिरहेको अवस्थामा दु:ख पनि व्यक्त गर्दै यस्तो समस्या सिर्जना हुनमा उनी आफै जिम्मावार रहेको आरोप पनि लगाए। 'बोल्दा होसियार हुनुपर्छ। एकातिर भाषणमा के के बोल्नु अर्कोतिर जिलेटिन बिस्फोट हुनुको कारणले बिमल गुरुङ आफै भाग्न परेको हो। यसकाण बोल्नअघि बुद्धि पुऱ्याउनुपर्छ' डा. छेत्रीले भने। देश चलाउनेहरूलाई धम्की दिएर केही नहुने बताउँदै सरकारसँग बुद्धि र तर्कले काम गर्नुपर्ने कुरामा जापले विश्वास राखेको अनि तर्क र बुद्धिकै लडाईंले गोर्खाल्याण्ड गठनको मार्ग फराकिलो बनिने पनि उनले बताए। सोहि कारण अहिलेनै बरू बिमल गुरुङ आफैले आफ्ना पार्टीका राम्रा वुद्धीमानी व्यक्तिलाई पार्टीको अध्यक्ष बनाएर आफ्नो जिम्मेवारी सुम्पिए राम्रो हुने छेत्रीले सुझाव राखे। 'जनता बटुलेर राख्नका निम्ति बिमल गुरुङ राम्रा व्यक्ति हुन्, तर सरकारसँग कुरा गर्दा तर्कसङ्गत राख्ने हुनपर्छ', छेत्रीले भने। उनले विमल गुरुङले बन्द सम्बन्धमा दिएको बयानले अझ अन्यौलता सिर्जना गरेको पनि बताए। 'घरि पहाड बन्द मैले गरेको हो भन्छन् अनि घरि विनय तामाङले गरेको भन्छन्। हामीलाई बन्द मोर्चाले गरेको भन्ने थाहा छ अनि तिमीहरूलाई कसले गरेको भन्ने थाहा छैन। मोर्चा पनि ए र बी भइसक्यो कि कसो?' डा. छेत्रीले व्यङ्ग्य कस्दै भने। यति भन्दा भन्दै पनि उनले गोजमुमो पार्टी आफैभित्र विभाजन हुन घातक रहेको बताउँदै 'हामी चाहन्छौं गोजमुमो 'ए' र 'बी' मा विभाजन नहोस्। यसले कसैको लाभ हुँदैन' भने। उनले छुट्टै राज्य गोर्खाल्याण्ड गठनका निम्ति चुनाउ जितेर जाने भारतीय जनता पार्टीले कुनै काम नगरेको आरोप लगाउँदै शुरुमा भाजपालाई बंगालमा पस्नका निम्ति दार्जीलिङको सीट चाहिएको आरोप लगाउँदै अब मोर्चालाई वास्ता समेत नगर्ने दाबी गरे।

## खरसाङमा 'विमल गुरुङ...

गोजमुमोद्वारा आयोजित ऱ्यालीमा गोर्खे गान्धी विमल गुरूङ जिन्दाबादको नारा गुञ्जियो। अन्य दिन सरह आज पनि गोर्खाल्याण्डको मागमा यहाँको टुरिष्ट लजदेखि ऱ्याली निकालियो। ऱ्यालीले शहर परिक्रमण गरेपछि अस्पताल मोड़मा पुगेर समापन गरियो। ऱ्यालीमा उपस्थित मानिसहरूले गोर्खाल्याण्डको मागमा व्यापक नाराबाजी गरे।

# एसएमयूमा कला एवं सामाजिक विज्ञान विभागको स्थापना दिवस पालन

**गान्तोक, १३ सेप्टेम्बर:** एसएमयूमा सिक्किम मणिपाल विश्वविद्यालयको अधिनमा रहेको कला एवं सामाजिक विज्ञान विभागको पाचौं स्थापना दिवस पालन गरियो। कार्यक्रममा एसएमयूका प्रथम कूलपति रञ्जन पादुकोण सहित उपकूलपति लेफ्टिनेन्ट जेनरल एमडी वेंकटेस मुख्य अतिथिको रूपमा उपस्थित थिए भने प्रोफेसर आशिष शर्मा विशेष रूपमा उपस्थित थिए। कार्यक्रमलाई सम्बोधन गर्दै उपकूलपतिले आफ्नो स्थापनाको पाँच वर्षमा यस विभागको उल्लेखनीय प्रगति भएकोमा सराहना गरे। एसएमयूमा यो विभाग सबैभन्दा कनिष्ठ विभाग रहे तापनि कला तथा सामाजिक विज्ञान विभागले यतिको पाँच वर्षमा निरन्तर प्रगति गरिरहेको बताए। एसएमयूले यस विभागको आगामी विकासका लागि काम गर्ने प्रतिबद्धता साथै विद्यार्थीहरूको गुणात्मक शिक्षा प्रतिबद्ध रहेको छ। पञ्जीयक प्रोफेसर आशिष शर्माले आफ्नो सम्बोधनमा विद्यार्थीहरूले सरकारी नोकरीमा मात्र भर नपरेर राज्य बाहिरका क्षेत्रहरूमा पनि आफ्नो परिवारको विकल्प चुन्नुपर्ने आह्वान गरे। उनले विद्यार्थीहरूमा सकारात्मक सोच रहनुपर्ने कुरामा उनले जोड़ दिए। यस अवसरमा विभागको वार्षिक प्रतिवेदन पनि प्रस्तुत गरियो भने रंगारंग कार्यक्रम पनि प्रस्तुत गरिएको थियो।

## दार्जीलिङ समस्या ...

पर्यवेक्षकहरूको एउटा समूह दावी गर्छन्। पार्टीकै केही नेताहरूको मतमा सन् २०१४–को लोकसभा चुनाउमा भाजपालाई बंगालमा एउटै भए पनि आसन जित्नु आवश्यक थियो। तर अहिले पार्टीको लक्ष्य पश्चिम बंगालमा सत्तारुढ़ हुने छ। राज्य नै कब्जा गर्ने उद्देश्य बोकेको भाजपाको निम्ति दार्जीलिङ संसदीय आसन अनि पहाड़का तीन विधानसभा आसन त्यति महत्त्वपूर्ण नभएको तिनीहरूको मत छ। तर राजनैतिक पर्यवेक्षकहरूको अर्को एउटा समूहले दावी गरेअनुसार पहाड़मा कानून–व्यवस्थाको समस्या रहेको कुरा बताएर अमित शाहले दार्जीलिङको परिस्थिति स्वाभाविक बनाउने जिम्मेवारी मुख्यमन्त्री ममता ब्यार्जीको पुठ्युँमा नै लाद्न चाहेका हुन्। यदि ममता ब्यानर्जी दार्जीलिङ मुद्दाको समाधान गर्न असफल हुन्छिन् भने भाजपालाई राज्यकी मुख्यमन्त्री तथा तृणमूल कंग्रेसलाई प्रहार गर्न अझ सजिले हुने राजनैतिक पर्यवेक्षकहरूको एउटा समूह बताउँछन्।

## पश्चिम जिल्लामा सड़कको दुरावस्था....

लगायत अन्य निजी व्यवसायीहरूले समस्या झेल्नुपरिरहेको छ।

यस समय गेजिङ ६ माइल खोपाको सड़कले गर्दा कतिपय सरकारी कर्मचारीहरू आम मानिस कार्यालय निर्धारित समयमा पुग्न सकिरहेका छैनन् साथै व्यापार गरी खानेहरूले उक्त मार्गको कारण नै समयमा सर–समान गेजिङ भित्र्याउन नसकिरहेकोले व्यापारमा पनि मन्दी आइरहेको गुनासोहरू राखेका छन्। खोपाको यस्तो अवस्था हुनुको पछाड़ि दुईवटा विभागको कमजोरी रहेको बताउँछन् मानिसहरू। राज्यको वन विभागले यस स्थानमा अचाहिँदो माटो गेजिङ वरिपरिको मिल्काएर उक्त जमीनमा पैह्रो गएको आरोप लगाएका छन् भने सडकसँग सम्बन्धित विभाग जनकार्य विभागले समयमा यस सड़कको मरम्मति नगरेर वर्खाको बेला कटिङ गरेकोले गर्दा गेजिङतर्फ सरकारी काम काज लिएर आउने, निजी कामले आउने साथै व्यापार गर्ने सबै आम मानिसहरूले ठूलो समस्या झेल्नु परिरहेको मानिसहरूले आफ्नो मत राखेका छन्। कतिपय गाड़ीहरू बीच सड़कमा फस्ने गरेकोले रातिको समयमा पनि उक्त स्थानमा नै रात बिताउनु परिरहेको छ भने यस्तो अवस्था हुँदा पनि सरकार विभाग एवं पार्टी कार्यकर्ताबाट कुनै पहल नभएको स्थानीयहरूको भनाइ छ। सरकारले यस मार्गको शीघ्र स्थायी समाधान निकाल्नुपर्ने नत्र यो दिन–दिनै ठूलो समस्याको रूपमा खड़ा हुने देखिएको छ। हिउँदको समयमा दुःखले गाडी आवत–जावत गरे तापनि वर्खाको समयमा सानो गाडीहरूको लागि समस्या नै भइरहने भएको कारण विकल्प मार्गको लागि पनि सरकारले योजनाहरू बनाउनुपर्ने स्थानीय गेजिङवासीहरूले सरकारलाई यसै समाचार पत्र पत्रिकामार्फत सुझाउ दिएको बताएका छन्।

यो सड़कको वर्तमान अवस्थालाई लिएर सिक्किम क्रान्तिकारी मोर्चा पार्टीले पनि यो सबै वर्तमान सरकारको फ्यातुलोपना एवं पश्चिम जिल्लालाई कान्छी आमाको व्यवहार गरेकोले गर्दा यताका मानिसहरूले विभिन्न विषयको समस्याहरू झेलिरहेको थप आरोप लगाएका छन्। राज्य राजमार्ग साथै धेरै पर्यटकहरू आवत–जावत गर्ने प्रमुख सड़क मार्गको अवस्था यस्तो हुँदा देश–विदेशमा राज्यको कस्तो सन्देशहरू जाँदैछ यो सरकारपक्षले गम्भीर भएर सोच्ने विषय रहेको पनि मानिसहरूले बताएका छन्। दिनदिनै पर्यटकहरूको सिजन लागिरहेको छ भने सम्पूर्ण सरकारी तन्त्रहरू लागेर यस मार्गलाई सुलभ बनाउनु पर्ने पार्टी कार्यकर्ताको भनाइ छ। यो मात्र होइन पश्चिम जिल्लाका सबै बन्द अवस्थामा रहेका सडकहरू खुल्ला गर्नुपर्ने भन्दै गेजिङ–बर्मेक निर्वाचन क्षेत्रभित्र पर्ने लेग्सेप–बर्मेक सड़क मार्ग सिक्किम प्रजातान्त्रिक मोर्चा पार्टीको पहिलो सरकार गठन भए पछि १९९५ सालमा खन्न शुरू गरिएको थियो भने आज पनि जस्ताको त्यस्तै छ। यो भेक रूङदु, बर्थाङ, रातोमाटे सम्बोकका मानिसहरूले काँधबाट भारी बिसाउन पाएका छैनन्। हिउँदोको समयमा केही महिना गाडी गुड्ने गर्छ भने वर्षायाम शुरू भएदेखि नै यो मार्ग पूर्णरूपमा ठप्प हुने गरेको छ। आजको युगमा पनि २५ वर्षमा एउटा सड़क मार्ग सरकारले सुलभ गर्न नसक्नु सरासर सरकार पक्षको कमजोरी हो भन्दै यसको जवाफ सरकारलाई स्थानीय जनताले आगामी चुनाउमा दिने बताउँछन्। बिरामी हुँदा आज पनि रूङदु–बर्थाङका मानिसहरूले डोकोमा बिरामी बोक्नुपर्छ भने यस्तो गम्भीर समस्याबाट यस भेगका मानिसहरूले कहिले मुक्ति पाउने भनी गाउँबाट प्रश्नहरू उठन थालेको छ। शिरिजङ्घा सड़क मार्ग पनि करिब दुई महिनादेखि सम्बोक र मार्तमबीच गुह्ये खोल्सामा बन्द छ भने यस मार्गलाई खुलाउने अझैसम्म कसैले पनि पहल गरेको छैन।

मुख्यमन्त्रीले बारम्बार आफ्नो सम्बोधनमा एसडीएफ पार्टीको सरकार गाउँको सरकार भन्दै सरकारले यस्तो–त्यस्तो गरेको छ भन्ने गरेको भए तापनि अझ पनि कतिपय गाउँमा सड़कहरू ठीक नभएपछि मानिसहरूले काँधमा सौदा–पातको भारी र डोकोमा बिरामी बोकेर जीवन बिताइरहेका छन्। यस्तो समस्यालाई पार्टीका कार्यकर्ताले पनि सम्बन्धित ठाउँमा नपुऱ्याउने गरेको गाउँका मानिसहरूले बताएका छन्। केवल व्यक्तिगत फाइदामा मात्र कार्यकर्ता लागेकोले नै गाउँको विकास नभएको मत छ। यसरी नै पश्चिम जिल्लाको याक्सोम–टाशीडिङका मानिसहरूले पनि रंगीत पूलको कारण समस्याहरू झेल्नुपरेको गुनासो व्यक्त गरेका छन्। पूल बनाउन थालेको १० वर्ष हुदाँ पनि अझैसम्म ४० प्रतिशत पनि ठिकादारले काम नगरेको कारण मालवाहक गाडीहरू अर्को पूलबाट जाने अनुमति नभएकोले सबै सौदा पात याक्सोम टाशीडीङको लागि जोरथाङ, लेग्सेप, गेजिङ हुँदै पेलिङ, दराप, रिम्बी घुमाएर लानु परिरहेको अनि सर समानको मूल्य अधिक झेल्नुपरेको बताउँछन्। गाडी भाडा धेर पर्ने भएकोले आम मानिसहरूले त्यसको भरपाई गरिरहेका छन्। यो पूलको निर्माणमा कसको हेल्चेकाइ छ? सरकार, विभाग या ठिकादारको? यसको जानकारी शीघ्र जनतालाई दिनुपर्ने माग जोडतोडले उठेको छ।

## विमल गुरूङसँग जनता छैन...

आफूले पार्टी केन्द्रिय समितिका नेताहरूसँग टेलिफोनमा कुराकानी गरेर बन्द बोलाएको बताए। तर २९ अगस्तको दिन कलकत्ताको नवान्नमा आयोजित बैठकमा अंशग्रहण गरेर आफूले पहाड़ फर्किएर खरसाङबाट बन्द खोल्ने घोषणा गर्दा गुरुङले नै त्यसको विरोध गरेको तामङले जनाए। यदि आफूले बन्द खोलाउनु हो भने कसैले पनि विरोध गर्नु हुँदैन, धम्की दिनु हुँदैन, तामङले भने। दशैं–तिहार नजिकै आइसक्यो, चिया–सिन्कोनाकमान बन्द छन्, त्यसरी नै स्कूल–कलेजहरू पनि बन्द छ,अनिश्चितकालीन बन्दले ९१ दिन नाँघ्यो, त्यसकारण बन्द खोलिनुपर्छ, तामाङले भने।

## दिल कुमारी भण्डारीसित...

भाजपामा पनि यस्तो विचार हुनुपर्ने कुरा राखे। भविष्यमा अध्यक्ष भण्डारीले विपक्षी पार्टीहरूलाई समन्वय गर्नुपर्ने आवश्यकतामाथि पनि अध्यक्ष चौहानले जोड़ दिए। दुवै पक्षले सिक्किमे जनताको निम्ति मिलेर काम गर्ने आवश्यकतामाथि जोड़ दिँदै आउने दिनहरूमा संग्राम र भाजपाले जनताको हक र हितमा काम गर्ने विचारलाई बैठकमा सबैले स्वागत जनाएको प्रदेश भाजपाले विज्ञप्तिमा जनाएको छ।

## मानताम झीलको कारण...

झीलमा गई थुप्रिन गयो जसले यो झीलको पानीलाई अझ खुम्चाइदियो। अर्कोतिर, यस झीलको पानी सतहीमा रहेको र नदीको रफ्तार तेज रहेकोले यी दुइवटा बोटहरु चलाउन सकिएको छैन। जसले गर्दा तिङभोङ र साक्योङ पेनटोङ जीपीयूका गाउँहरुको सम्पर्क प्रभावित भएको छ। यस सम्पर्क विच्छेदभएपछि, अहिले जिल्ला प्रशासनले यी दुई गाउँलाई जोड्न १४० मीटर लामो बाँसको पुल तयारी गरिन्दैछ। यो निर्माण यस महिनाको अन्तसम्म पुरा हुनेभएको छ। लामो दूरी र कठिन भूगोलको कारण यहाँ पुल निर्माण निकै गाह्रो हुने बताइएको छ। त्यसैले मान्ताम झीलमाति १४० मीटर लामो सस्पेन्सन फुटब्रिज निर्माण गरिने जिल्ला प्रशासनले निर्णय गरेको छ। यस्तै जोङ्गूसम्म वाहनहरुको भीडलाई कम गराउन कायुममा एक स्थायी पुल निर्माण गरिने भएको छ। यसरी नै खाद्य एवं नागरिक आपूर्ती विभागले यी दुईवटा जीपीयूको लागि नोभेम्बरसम्म पीडीएस भण्डार जारी गरिदिएको छ। आगामी मई महिनामा हुने पूर्व मनूसनको तयारीको लागि यी राशनहरु तिनबोङमा भण्डारण गरिनेछ।


**Citi Computers**
Above Digital Panorama, TIBET ROAD, GANGTOK.
PH: 9832025675, 9547909698
Admission opens for **BCA, BBA, BA, MA, etc.** With **UGC, AICTE, Distance approved university. Regular tuition Classes**
**Admission and counseling centre**
Computers Courses from Basic to diploma avail at the reasonable price.
Limited seats, Hurry up …

**COACHING FOR SPSC EXAM**
LDC 100 POSTS/ Banking Exams
Assistant Electrical Engineer (21 post)
Highly Experienced Faculty
Attend trial classes and Join
Providing All Study Materials for Registered Students in UDISHA only.
Admission going on
B.ED / M.ED / MBBS/ B.TECH
MD / MBA /B.Arch / GNM, BSC NURSING
D.Pharm. / B.Pharm. / M.Pharm. / Agriculture/ Microbiology/ Forestry / Food Techonology/Horticulture/BBA(HM)/Diploma(HM) and all para medical courses
UDISHA SINCE 2007
PNG School Road, Gangtok
Call: 9434137448 / 9083289834

ULTRA MODERN ADVANCE IVF
Test Tube Baby Centre ICSI IUI available for all women's problems
FAMILY CLINIC
Dr. Kavita Mantry
INFERTILITY SPECIALIST
(Gold Medalist) MD, DNB MRCOG (I), London.
Metro Height, 3rd Floor, Don Bosco More, Siliguri.
Ph: 0353-2545544 / 9800983790 / 8372801570

**समस्या छ भने समाधान पनि छ**
पामस्ट्री, हस्तरेखा एउटा भाषा हो जो हातमा बोलिन्छ। ईश्वरले मनुष्यको हातमा रेखाहरू यसकारण बनाए ताकि उसले आफ्नो भाग्यको बारेमा जान्न सकोस्। ईश्वरले तपाईको भाग्यमा के लेखेको छ? तपाईको हातको रेखाहरूले के भनिरहेछ जान्नुहोस् आफ्नो भाग्यको विषयमा पूरा जानकारी। 25 वर्षभन्दा अधिक समयदेखि अनुभवी हस्तरेखामा आधारित सफ्टवेयर बनाउने अनि हस्तरेखामा पुस्तक लेख्ने प्रवीण भाई शास्त्रीजीबाट।
Power of Jems and Rudraksha
Opp. Bata Show Room
M.G. Marg, Gangtok - 737101, Sikkim
Contact : 7076223236
नर सेवा नारायण सेवा
- नि:शुल्क छाला रोगको दवाई
- नि:शुल्क पाइल्स रोगको दवाई
- नि:शुल्क पीलिया रोगको दवाई
- नि:शुल्क पिरामिड मेडिटेशन

**KANHAIYA JEWELLERS**

यहाँ सक्कली नेपाली सुन (24 कैरट) रेडिमेड अर्नामेंट र तपाईको अर्डरमा पाइन्छ।
विश्वास तपाईको, भरोसा हाम्रो।
Specialist in :
24 /24cts., 24cts., 22/22 cts. &22cts. (KDM)
Available
Monthly Savings Scheme
Meghdoot Cinema Building
Hill Cart Road, Siliguri.
Ph: 0353-2520047(S), 2561725(R)
WE ACCEPT DEBIT & CREDIT CARD
FOREIGN MONEY EXCHANGE

**जमीन बिक्रीमा**
सिलिगुढ़ी महकुमा धिमाल मौजा अन्तर्गत शिवमन्दिर देखि ताराबारी नयाँ बस्ती भएर पानी घट्टा जाने पक्का रोड संगै को प्लटिंग एरियाको जेनरल रजिष्टर्ड जमीन ८ (आठ) कठ्ठाको प्लट बिक्रीमा। रेसोट/ होटल को लागि उपयुक्त। टोटल मूल्य रू. ८ लाख (आठ लाख मात्र)। यो जमीन शान्ति नर्सिंग होमको ६४ बिघाको प्लट संगै छ। एमर्जेन्सी परेको हुंदा चलेको रेट भन्दा सस्तोमा जमीन बिक्री गरिँदै छ।
सम्पर्क: ७८७२७०३५००, ९००२९९४३०५

NEED LIC HOUSING LOAN CONTACT:
NO : 8348574294
9434445010
NOTE : GOVT EMPLOYEES ONLY

FREE 4 Burner Cook Top with Designer Chimney

Give yourself a Glen Chimney. You deserve the experience.
GLEN
Stockist:
PRAKASH ENTERPRISES
Sevoke Road, Siliguri
Tel.: 0353-2432235, 2521291

ADMISSION OPEN
PG/ UG Courses
Diploma
Polytechnic Courses
Marin Courses
Media Communication
Dentistry Nursing
Medical B.Ed
And many more
For details contact:
Smart Education Consultancy
7001154995


नोट : पाठकहरूलाई यो सूचित गरिन्छ कि यस समाचार पत्रमा प्रकाशित कुनै पनि विज्ञापनहरूलाई स्वीकार गर्नु अघि यसको सत्यतालाई जाँच गर्नुपर्नेछ। कुनै प्रकारको धोखा, हानी भएमा त्यसको जवाफदेही यो समाचार पत्र अथवा प्रकाशक हुनेछैन। –सम्पादक